# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)

पत्र संख्या :- ०८०/०८१
चलानी नं.:-२०५

मिति : २०८०/०४/२४

विषय : सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री वडा कार्यालय सबै (११ वटा),
मिथिला नगरपालिका, धनुषा

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंको प.सं.०८०/०८१ च.नं.१० मिति २०८०/०४/१४ गतेको पत्र तथा गृह मन्त्रालय विपद अध्ययन जोखिम न्यूनिकरण तथा पूनर्लाभ शाखा काठमाडौंको चं.नं.५.१/६, मिति २०८०/०४/१० को पत्र समेतको आधारमा अ.दु.अ.आ.काठमाडौंमा दर्ता भएको उ.द.नं.C-०५९९१४ को सम्त्रन्धमा आयोगको मिति २०८०/०१/२९ को निर्णयानुसारको सुझाव कार्यान्वयनको लागि पठाईएको व्यहोरा अनुरोध छ। साथै उपरोक्तानुसारको पत्र यसै साथ संलग्न गरि पठाईएको व्यहोरा समेत अनुरोध छ।

२०८०.०४.२४

बसन्त न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

पत्र संख्या : ०८०/०८१
चलानी नं. : ७०

मितिः २०८०/०४/१४

श्री महानगर/उपमहानगर/नगरपालिका, (सबै)
श्री गाउँपालिका, (सबै) ।

**विषयः सुझाव कार्यान्वन सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा गृह मन्त्रालय, विपद् अध्ययन जोखिम न्यूनीकरण तथा पूनर्लाभ शाखा च.नं ५.१/६, मिति २०८०/०४/१० को पत्र यसैसाथ संलग्न छ।संलग्न पत्रमा उल्लेख भए बमोजि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएको उ.द.नं C-०५९९१४ का सम्बन्धमा आयोगको मिति २०८०/०१/२९ को निर्णयानुसारको सुझाव कार्यान्वयनका लागि पठाईएको व्यहोरा अनुरोध छ ।

(सन्तोष कुमार खत्री)
शाखा अधिकृत

मिथिला नगरपालिका
ढल्केबर, धनुषा
दर्ता नं. २६१
मिति २०८०/०४/१८

नेपाल सरकार

# गृह मन्त्रालय

(विपद् अध्ययन, जोखिम न्यूनीकरण तथा पूनलभि शाखा)

फोन :९७७-०१-४२११२१९
९७७-०१-४२११२००
९७७-०१-४२११२८२
इमेल:bipad@moha.gov.n
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ०८०/८१
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- ५.१/६९

नेपाल सरकार
गृह मन्त्रालय

मितिः २०८०।०४।१०

विषयः सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ९१८
दर्ता मितिः- ४/११

प्रस्तुत विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको चलानी नं. ११ मिति २०८०/०४/०३ को पत्रबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएको उ.द.नं. C-०५९९१४ मिति २०८०/०१/२१ को उजुरीका सम्बन्धमा आयोगको २०८०/०३/२९ को निर्णयानुसार तपसिल बमोजिमको सुझाव कार्यान्वयनका लागि अनुरोध भई आएको सन्दर्भमा तहाँमार्फत् ७५३ वटै स्थानीय तहहरुलाई जानकारी गराईदिनुहुन प्राप्त पत्रहरुको छायाँप्रति थान २ (दुई) यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा यस मन्त्रालयको सचिवस्तरको मिति २०८०/०४/०९ को निर्णयानुसार अनुरोध छ।

तपसिल

"भूकम्प लगायत प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त निजी आवास पुननिर्माण वा प्रवलीकरण कार्यक्रम अन्तर्गत क्षतिग्रस्त भएका निजी आवास पुननिर्माण वा प्रवलीकरणका लागि लाभग्राहीहरुले विभिन्न किस्तामा अनुदान रकम लिने तर सम्झौता बमोजिम लाभग्राहीले पुननिर्माण वा प्रवलीकरण कार्य सम्पन्न नगरेको अवस्थामा प्राप्त अनुदान रकमको पूर्ण उपयोग हुने गरी आवश्यक कारवाही गर्नुहुन "।

(जितेन्द्र अधिकारी)
शाखा अधिकृत

बोधार्थ

श्री राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,
सिंहदरबार, काठमाडौं।

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: ५२
दर्ता मितिः २०८०।४।१२

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

मिति:२०८०।०३।३१

पत्र संख्या :- ७/०७९/०८०

चलानी नं. :- ६१०१०

**अत्यन्त जरुरी/गोप्य**

विषयः आयोगको सुझाव सम्बन्धमा ।

श्री राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

प्रस्तुत बिषय सम्बन्धमा यस अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता हुन आएको उ.द.नं C-०५९९१४ मिति २०८०/१/२१ को भूकम्पले घर क्षति भएको भनि घर पुनःनिर्माणको लागि रकमको किस्ता लिएको तर घर पुन निर्माण नगरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा आयोगको २०८०/०३/२९ को निर्णय अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ख) अनुसार तपसिल बमोजिमको सुझाव लेखी पठाउने निर्णय भएकोले आवश्यक कार्यार्थ सहित सो को जानकारी ७५३ वटै स्थानीय तहहरुलाई गरिदिन त्यहाँ पठाइएको व्यहोरा अनुरोध छ।

तपसिल :

"भूकम्प लगायत प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त निजी आवास पुननिर्माण वा प्रवलीकरण कार्यक्रम अन्तर्गत क्षतिग्रस्त भएका निजी आवास पुननिर्माण वा प्रवलीकरणका लागि लाभग्राहीहरुले विभिन्न किस्तामा अनुदान रकम लिने तर सम्झौता बमोजिम लाभग्राहीले पुननिर्माण वा प्रवलीकरण कार्य सम्पन्न नगरेको अवस्थामा प्राप्त अनुदान रकमको पूर्ण उपयोग हुने गरि आवश्यक कारवाही गर्नहुन" ।

२०८०/३/३१

(परिक्षित.प कडरिया)
सि.डि.ई

स.स.- श्री राजेन्द्र थापा

०४/०२

श्री प्रशासन शाखा +
उ.स. श्री कुमारी
आवश्यक कार्यार्थ ।
४/२

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं
दर्ता नं. : २१
२०८०।४।३

नेपाल सरकार

गृह मन्त्रालय

# राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०८०/०८१

चलानी नं.: ९९

सिंहदरबार, काठमाडौं

नेपाल ।

मितिः-२०८०।४।३

गृह मन्त्रालय
शाखा
द.नं.: ३४१
मितिः ४।४

श्री गृह मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

विषय :- सुझाव कार्यान्वयन सम्वन्धमा ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग टङ्गाल काठमाण्डौको च.नं ६९०९० मिति २०८०।३।३१ को प्राप्त पत्रानुसार भूकम्पले घर क्षति भएको भनि घर पुनर्निर्माणको लागि रकमको किस्ता लिएको तर घर पुनर्निर्माण नगरेको भन्ने उजुरी सम्वन्धमा आयोगको २०८०।३।२९ को निर्णयानुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ख ) अनुसार तपशिल वमोजिमको सुझाव लेखि पठाउने निर्णय भएकोले आवश्यक कार्यार्थ सहित सो को जानकारी ७५३ वटै स्थानिय तहहरुलाई गरिदिनुहुन भनि यस प्राधिकरणमा लेखि आएको हुँदा आयोगको सुझाव कार्यान्वयनको लागि ताहाँ मार्फत श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पत्राचार गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

तपशिल

"भूकम्प लगायत प्राकृतिक प्रकोपवाट क्षतिग्रष्त निजी आवास पुनर्निर्माण वा प्रवलीकरण कार्यक्रम अन्तर्गत क्षतिग्रस्त भएका निजी आवास पुनर्निर्माण वा प्रवलीकरणका लागि लाभग्राहीले विभिन्न किस्तामा अनुदान रकम लिने तर सम्झौता बमोजिम लाभग्राहिले पुनर्निर्माण वा प्रवलीकरण कार्य सम्पन्न नगरेको अवस्थामा प्राप्त अनुदान रकमको पूर्ण उपयोग हुने गरि आवश्यक कारवाही गर्नुहुन " ।

**बोधार्थ**

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल काठमाण्डौ ।

गंगा सुवेदी भट्टराई

शाखा अधिकृत